आज मिति २०८३ साल श्रावण महिनाको २८ गते बिहानको ठीक ०८ :०० बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको ११६ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

आर्थिक प्रशासन शाखा प्रमुख श्री सरोज काफ्ले

प्रशासन शाखा प्रमुख श्री अक्लेश्वरनाथ चौधरी

का.स.श्री शोभा कुमारी फाल

**मिति २०८३।०४।२८ गतेका दिन बिहान ठीक ८:०० बजे बसेको निस्दी गाउँपालिकाको ११६औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु**

१. समिक्षा तथा रिपोर्टिङ्ग सम्बन्धमा ।

२. मोटरबाटो मर्मत सम्बन्धमा ।

३. हेफर कार्यक्रम सम्बन्धमा ।

४. प्रहरी चौकी व्यवस्थापन सम्बन्धमा ।

५. कर सेवा सञ्चालन सम्बन्धमा ।

६. विविध ।

## मिति २०८३।०४।२८ गते बसेको निस्दी गाउँपालिकाको ११६ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत गाउँ कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे समिक्षा गर्नुका साथै सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत ,उपाध्यक्ष साथै अध्यक्षबाट वडा कार्यालय तथा गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गरियो ।

२.यस निस्दी गाउँपालिका अन्तर्गतको वडा नं.१ देखि वडा नं.७ सम्मका चालुसडकहरु मर्मतको लागि कार्यालयको मेसिनले मात्र एकै पटक काम गर्न नसकिने भएकोले चाडपर्व लक्षित चालुसडक मर्मतका लागि विनियोजित मोटरबाटो मर्मत आयोजना मार्फत अर्को मेसिन प्रयोगको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने र सो को लागि वडा कार्यालय मार्फत मर्मत गर्नुपर्ने मो.बा.को विविरण उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

३.यस आ.व.२०८३।०८४ को कृषि र पशु सेवा शाखाका विभिन्न कार्यक्रमहरु आवश्यकता अनुसार हेफर इन्टरनेशनल नेपाल सँग समन्वय र सहकार्य गरी सञ्चालन गर्ने र सो बारेमा हेफर इन्टरनेशनल नेपाललाई जानकारी गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

४.यस आ.व.२०८३।०८४ मा विनियोजित प्रहरी चौकी व्यवस्थापन अन्तर्गत देहाय बमोजिम प्रहरी चौकीहरुमा व्यवस्थापनको लागि रकम विनियोजन गर्ने र सोही बमोजिम गाउँ कार्यपालिकाको कार्यालयलाई कार्यान्वयन गर्न निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | प्रहरी चौकी | विनियोजित रकम |
|---|---|---|
| १ | रुक्से भञ्ज्याङ्ग प्रहरी चौकी, मित्याल | १,२०,०००।- |
| २ | भोटाहा अस्थायी प्रहरी चौकी, भोटाहा | ५०,०००।- |
| ३ | जब्गादी प्रहरी चौकी,जब्गादी | ३०,०००।- |

५.यस निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र आन्तरिक राजस्व कार्यालय बुटवल बीचको सम्झौता र सहकार्यमा स्थानीय तहबाटै आधारभुत कर सेवा सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने र सो को लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

क.मिति २०८३।०४।२२ को गाउँ शिक्षा समितिको बैठकमा भएका विभिन्न विषय सँग सम्बन्धित निर्णयहरु यस गाउँ कार्यपालिकाको बैठकले अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।